**संघीय संसद**
**प्रतिनिधि सभा**
**सार्वजनिक लेखा समिति**
**बैठक संख्या-३३**

मितिः-२०८१/०९/०८

## छलफल तथा निर्णयहरु

समितिको आजको बैठकमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याएका बेरुजुमाथिको हालसम्मको छलफलको प्रगति समिक्षासम्बन्धी विषयमा छलफल भई देहायबमोजिमको निर्णय भयोः-

१. महालेखा परीक्षकको वार्षिक प्रतिवेदनमा औंल्याइएका बेरुजुउपर समिति अन्तर्गत गठित उपसमितिहरुमा भएको छलफलको कार्य प्रगति र बाँकी कामहरु सम्पादन गर्ने सम्बन्धमा छलफल भई संसदको आगामी अधिवेशनमा प्रतिवेदन पेश गर्ने गरी शीघ्र कार्यसम्पादन गर्ने ।

२. सार्वजनिक सरोकारका विषयमा सार्वजनिक लेखा समितिबाट दिएका निर्देशनहरुको कार्यान्वयनको प्रगति अवस्थाबारे विवरण तयार गरी समितिको अर्को बैठकमा विवरण पेश गर्न सचिवालयलाई निर्देश गर्ने ।

३. समितिको अर्को बैठक सूचना भएपछि बस्ने गरी यो बैठक स्थगित भयो।